# चाइल्डकेयर पेन्डेमिक EBT (P-EBT) र समर चाइल्डकेयरका बारेमा बारम्बार सोधिने प्रश्नहरू

2020-2021 स्कुल वर्ष (*जुन 3, 2021)*

---

**प्रश्न 1: चाइल्डकेयर (बालस्याहार) P-EBT के हो ?**
जवाफ: यो COVID-19 महामारीको समयमा 6 वर्षभन्दा कम उमेरका बालबालिकाहरू भएका घरपरिवारहरूलाई मद्दत गर्नका लागि सङ्घीय सरकारद्वारा स्वीकृत अस्थायी खाद्य सुविधा हो ।

---

**प्रश्न 2: चाइल्डकेयर P-EBT सुविधाहरूका लागि को योग्य हुन्छ ?**
जवाफ: छ वर्षभन्दा कम उमेरका बालबालिकाहरू भएका 3SquaresVT सुविधाहरू प्राप्त गरिरहेका भर्मोन्टका घरपरिवारहरू । योग्य घरपरिवारहरूलाई चाइल्डकेयर P-EBT सुविधाहरू अक्टोबर 2020 देखि जुन 2021 सम्म हरेक महिनाको सुरुवातमा जारी गरिने छ ।

---

**प्रश्न 3: समर चाइल्डकेयर (बालस्याहार) P-EBT के हो ?**
जवाफ: समर चाइल्डकेयर P-EBT समर (ग्रीष्मकाल) मा दिइने Childcare P-EBT सुविधाहरूको विस्तार हो ।

---

**प्रश्न 4: समर चाइल्डकेयर P-EBT सुविधाहरूका लागि को योग्य हुन्छ ?**
जवाफ: ग्रीष्मकाल (जुलाई तथा/वा अगस्त 2021) को कुनै पनि समयमा छ वर्षभन्दा कम उमेरका बालबालिकाहरू भएका 3SquaresVT सुविधाहरू प्राप्त गरिरहेका भर्मोन्टका घरपरिवारहरूले पूर्ण समर चाइल्डकेयर सुविधा प्राप्त गर्नेछन् ।

---

**प्रश्न 5: चाइल्डकेयर P-EBT सुविधा कति मूल्य बराबरको हुन्छ ?**
जवाफ: बाल स्याहार P-EBT लाभ स्कुल P-EBT हाइब्रिड दर बराबर छ, जुन अक्टोबर 2020 - फेब्रुअरी 2021 सम्म प्रति महिना प्रति बच्चा $71.61 छ । स्कुलहरू वसन्त याममा अझ बढी इन-पर्सन अध्ययनमा फर्केका हुनाले स्कुल P-EBT दरमा कमी आएको कारण मार्च - जुन 2021 का दरहरू कम छन्:

- मार्च $38.19
- अप्रिल $37.51
- मे $33.42
- जुन $30.69

P-EBT चाइल्डकेयर सुविधाका लागि योग्य बालबलिकाले 2020 को अक्टोबर महिनादेखि 2021 को जुन महिनासम्म हरेक महिना वा घरपरिवार 3SquaresVT मा आबद्ध भएको भए आबद्ध भएको अन्तिम महिना, जुन मिति अगाडि पर्छ त्यो महिनाबाट रकमहरू प्राप्त गरेछन् ।

---

**प्रश्न 6: समर चाइल्डकेयर P-EBT सुविधा कति मूल्य बराबरको हुन्छ ?**

जवाफ: चाइल्डकेयर समर P-EBT को कुल सुविधा प्रति बच्चा $375 हो। नियमित मासिक चाइल्डकेयर (बालस्याहार) सुविधाहरूभन्दा भिन्नै यो समर चाइल्डकेयर P-EBT सुविधा एकमुष्ट रूपमा दिइन्छ र यसले ग्रीष्मकालको दुवै महिनाहरू जुलाई र अगस्टलाई समेट्छ।

**प्रश्न 7: चाइल्डकेयर P-EBT तथा समर चाइल्डकेयर P-EBT सुविधाहरू कहिलेदेखि जारी हुन्छ ?**
जवाफ: पहिलो चरणका सुविधाहरू (अक्टोबर 2020 - मे 2021 का लागि) 2021 को जुलाई अन्तिम / अगस्टको सुरु तिर जारी गरिने छ। जुन 2021 का लाभहरू सेप्टेम्बर 2021 को अन्तिमतिर समर चाइल्डकेयर P-EBT सुविधासँगै निकासा गरिने छ। यी मितिहरू परिवर्तन हुन सक्ने छन्, कृपया अद्यावधिक FAQs का लागि यो साइट हेरिराख्नुहोला।

**प्रश्न 8. मैले मेरो परिवार योग्य छ कि छैन भनेर कसरी थाहा पाउन सक्छु ?**
जवाफ: इकोनोमिक सर्भिसेज डिभिजन (ESD) (आर्थिक सेवा महाशाखा) ले माथिको मापदण्डको आधारमा तपाईंका बच्चा योग्य छन् कि छैनन् भन्ने कुराको निर्धारण गर्नेछ। यदि तपाईं योग्य हुनुहुन्छ भने तपाईंले DCF बाट पत्र प्राप्त गर्नुहुनेछ, जसमा तपाईंले कसरी र कहिले सुविधा प्राप्त गर्नुहुनेछ भनेर वर्णन गरिएको हुनेछ।

**प्रश्न 9: यदि हामी योग्य छौं भने हामीले यी सुविधाहरू कसरी प्राप्त गर्नेछौं ?**
जवाफ: चाइल्डकेयर P-EBT सुविधाहरू तपाईंको 3SquaresVT सुविधाका लागि तपाईंको घरपरिवारको लागि जारी गरिएको EBT कार्डमा जारी गरिन्छ।

**प्रश्न 10: मेरो बच्चाको संरक्षकत्व दुईवटा घरपरिवारमा बाँडिएको छ। सुविधा कसले प्राप्त गर्छ ?**
जवाफ: ESD द्वारा 3SquaresVT का लागि घरमुलीको रूपमा सूचीकृत गरिएको वयस्कको घरपरिवारमा लाभ पठाइनेछ।

**प्रश्न 11: मैले यो सुविधाबाट के-के खरिद गर्न सक्छु ?**
जवाफ: USDA को वेबसाइटमा गई योग्य खाद्यान्न सामग्रीहरूको सूची हेर्नुहोस्।

**प्रश्न 12: मैले मेरो EBT कार्ड कहाँ प्रयोग गर्न सक्छु ?**
जवाफ: तपाईं यो कार्ड 3SquaresVT स्वीकार गर्ने कुनै पनि स्थानमा खाद्यान्न खरिद गर्नका लागि प्रयोग गर्न सक्नुहुन्छ। यसमा ग्रोसरी स्टोर, सुपरमार्केट, कन्भेनियन्स स्टोरहरू र भर्मोन्टका धेरै कृषक बजारहरू पर्दछन्। तपाईं DCF को EBT वेबपेजमा गई यसबारे थप जानकारी पाउन सक्नुहुन्छ।

**प्रश्न 13: मेरो कुनै बच्चा बाल स्याहारमा राखिएको छैन। के मैले यो सुविधा प्राप्त गर्छु ?**
जवाफ: गर्नुहुन्छ। छ वर्षभन्दा कम उमेर भएका तथा 3SquaresVT प्राप्त गरिरहका सबै बालबालिका योग्य हुन्छन्।

**प्रश्न 14: मसँग छ वर्षभन्दा बढी उमेरका अन्य बच्चाहरू छन्। के उनीहरू चाइल्डकेयर P-EBT सुविधाहरूका लागि योग्य छन् ?**

जवाफ: छैनन् । यो सुविधा 3SquaresVT प्राप्त गरिरहेका र छ वर्षभन्दा कम उमेरका बालबालिकाहरूका लागि मात्र उपलब्ध छ । कृपया स्कुल जाने उमेरका बालबालिकाहरूका लागि उपलब्ध सुविधाहरूका बारेमा स्कुल P-EBT FAQs (बारम्बार सोधिने प्रश्नहरू) हेर्नुहोस् ।

---

**प्रश्न 15: यदि मैले यो सुविधा लिन चाहिनँ भने के गर्ने ?**

जवाफ: सहभागिता स्वैच्छिक हुन्छ । यदि तपाईं सहभागी हुन चाहनुहुन्न भने तपाईंको 3SquaresVT EBT कार्डमा जारी गरिएका अतिरिक्त सुविधाहरू प्रयोग नगर्नुहोस् ।

---

**प्रश्न 16: P-EBT सुविधाहरू खर्च नगरिएमा त्यसको म्याद सकिन्छ ?**

जवाफ: हो । यदि 274 दिनभित्र कार्ड प्रयोग गरिएन भने P-EBT सुविधाहरूको म्याद सकिन्छ ।

---

**प्रश्न 17: मेरा थप प्रश्नहरू छन् । मैले थप जानकारी कहाँ प्राप्त गर्न सक्छु ?**

जवाफ: थप जानकारी प्राप्त गर्न https://dcf.vermont.gov/esd/covid19/P-EBT मा जानुहोस् वा 1-800-479-6151 मा फोन गरेर विकल्प 7 छान्नुहोस् ।

VERMONT
AGENCY OF HUMAN SERVICES
DEPARTMENT FOR CHILDREN & FAMILIES

VERMONT
AGENCY OF EDUCATION